


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २ गते शनिबार ❑ 14 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखरामा दुई सातापछि फोहर उठाउन थालियो

**पोखरापत्र संवाददाता**
कास्की, १ फागुन

पर्यटकीय राजधानी पोखरामा दुई सातादेखि उठ्न नसकेको फोहर बिहीबार साँझदेखि उठाउन सुरु गरिएको छ। बजार क्षेत्रको सडक छेउ र चोकहरूमा थुप्रिएका फोहर लामो समयदेखि नउठ्दा पोखरा दुर्गन्धित बनेको थियो।

पोखरा-३२ लामेआहालमा रहेको अस्थायी फोहर व्यवस्थापन केन्द्र भरिएपछि फोहर उठ्न सकेको थिएन। फोहर व्यवस्थापनका लागि महानगरले विभिन्न स्थानमा जमिन खोजी गरे पनि सफल भएको थिएन । सडक किनार, चोक, बिजुलीका पोलको वरिपरिमात्र नभई मुख्य सडकमै फोहर थुप्रो लागेपछि बजारमा दुर्गन्धसमेत फैलिन थालेको छ। महानगर प्रमुख धनराज आचार्यले बिहीबार साँझदेखि क्रमशः फोहर सङ्कलन गर्ने गाडी सञ्चालनमा आएको बताउनुभयो । उहाँले सार्वजनिक बाटो तथा खुला स्थानमा फोहर विर्सजन नगर्नसमेत आग्रह गर्नुभएको छ । महानगरले फोहर



उठाउन सुरु गरे पनि कहाँ लगेर व्यवस्थापन गर्ने भन्ने खुलाएको छैन । "पोखरा महानगरपालिका तत्कालीन, अल्पकालीन, अस्थायी तथा स्थायी रूपमा फोहर व्यवस्थापनको काममा सक्रिय रूपमा लागिरहेको र तत्कालका लागि केही प्रबन्ध गरेका छौँ। गाडी नआउँदासम्म कृपया धैर्यतापूर्वक पर्खनुहुन अनुरोध गरेका छौँ, धेरै दिनदेखि सङ्कलन भएका फोहर भएकाले सुरुका एकदुई दिन केही बढी चाप हुनसक्छ तर सार्वजनिक बाटो तथा खुला स्थानमा फोहर विसर्जन नगर्नुहोस् भन्ने अपिल नगरवासीसँग गरेका छौँ", महानगर प्रमुख आचार्यले भन्नुभयो। प्रमुख आचार्यले शनिबारसम्म हालसम्म जम्मा भएको सम्पूर्ण फोहरमैला उठाइसकिने उल्लेख गर्नुभयो । महानगरले जथाभावी सार्वजनिक स्थानमा फोहर फालिएको पाइएमा अनुगमन टोलीले स्थलमै कारबाही गर्नेसमेत जनाएको छ । पोखरामा जेनजी आन्दोलनका क्रममा भारी मात्रामा फोहर निक्लेपछि लामेआहालको ल्यान्डफिल साइट नै भरिएकाले फोहर व्यवस्थापनमा समस्या निम्तिएको हो । महागनरले यसबीचमा धेरै स्थानमा फोहर व्यवस्थापनको स्थान खोजी गरे पनि स्थानीयको विरोधका कारण सफल हुनसकेको थिएन। महानगरले फोहर व्यवस्थापनमा सहयोग गर्न बुधबार सरोकारवालाहरूको सर्वदलीय र सर्वपक्षीय बैठक आह्वान गरेको थियो । बैठकमा ७२ घण्टाभित्र पोखरा महानगरको फोहर उठाउने र दलहरूले सहयोग गर्ने सहमति भएको थियो। महानगरले पोखरा-३३ मा फोहर प्रशोधन केन्द्र निर्माण गरी फोहरको स्थायी समाधानको प्रक्रिया अघि बढाएको छ । तर स्थानीयवासी विरोधमा उत्रिएका छन्। स्थानीयको विरोधका कारण प्रशोधन केन्द्र निर्माणको अन्य काम अघि बढ्न सकेको छैन । महानगरले समन्वय र सहमतिबेगर निजी कम्पनी छनोट गरी फोहर प्रशोधन केन्द्र निर्माण प्रक्रिया अघि बढाएको भन्दै स्थानीय विरोधमा उत्रिएका छन्।

## मनाङमा पर्यटन, पूर्वाधार विकास मुख्य एजेन्डा

**पोखरापत्र संवाददाता**
मनाङ, १ फागुन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मतदान गर्न २० दिन बाँकी छ।

निर्वाचन नजिकिँदै गर्दा चुनावी प्रचारप्रसारलाई उम्मेदवारले तीव्र पार्न थालेका छन् । उम्मेदवार आ-आफ्ना एजेन्डासहित मतदातासामु आफ्नो पक्षमा मत पार्ने कसरतमा देखिन्छन्।

निर्वाचनमा यहाँ तीन दलबीच प्रतिस्पर्धा हुनेछ । नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र मङ्गोल नेशनल अर्गनाइजेसनको प्रतिस्पर्धा हुनेछ । यी प्रतिस्पर्धी दलले मुख्य एजेन्डा मनाङको पर्यटन क्षेत्र, पूर्वाधार विकास र जलवायु परिवर्तनका असर न्यूनीकरणलाई अघि सारेका छन् । मनाङको मुख्य आयस्रोत पर्यटन क्षेत्र भएकाले पूर्वाधार विकासबिना असम्भव रहेकाले सहज पहुँचको विकासलाई प्राथमिकता दिएको कांग्रेस उम्मेदवार टेकबहादुर गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "मनाङ सबैभन्दा विकट क्षेत्र हो । यहाँको पूर्वाधार विकासका लागि स्थलमार्गको पहुँच महत्त्वपूर्ण मानिए पनि हालसम्म सहज बनाउन सकिएको छैन। त्यसैले पूर्वाधार विकासलाई प्राथमिकता दिइएको हो ।" मुख्य आयस्रोतका रूपमा रहेको पर्यटन व्यवसायको प्रवर्द्धन र पर्यटक आउने पहुँचमार्ग सहज बनाउनु आवश्यक रहेकामा उहाँले जोड दिनुभयो । "देशैभरमा सबैभन्दा पछि सडक पहुँच पुग्ने जिल्लामा मनाङ पर्छ । हालसम्म पनि नार्पाभूमिमा स्थलमार्गको पहुँच विस्तार भएको छैन", उहाँले भन्नुभयो, "यस क्षेत्रलाई सडक सञ्जालले जोड्न सकिएमा अझ पर्यटक बढ्छन् । यसले मनाङको आयस्रोत बढ्ने र स्थानीयको जीवनस्तर सुधार हुनेछ ।" यहाँको साहसिक, ऐतिहासिक, धार्मिक क्षेत्रलाई पर्यटनसँग जोडेर आयस्तर बढाउने लक्ष्य लिइएको गुरुङले बताउनुभयो। देशकै आयस्तर वृद्धि गर्नमा महत्त्वपूर्ण रहेको मनाङमा जलविद्युत् आयोजनाको हब बनाउने योजना रहेको उहाँले उल्लेख गर्नुभयो । "यहाँका तालतलैयामध्ये तिलिचोताललाई धार्मिक पर्यटनसँग जोड्नुपर्ने आवश्यकता छ । विश्वको पर्यटकलाई ताने पनि अझै धार्मिक पर्यटनका रूपमा प्रवर्द्धन गर्ने योजना बनाएको छु", गुरुङले भन्नुभयो । हिमाली क्षेत्रमा बढी जलवायु परिवर्तनको असर पर्ने भएकाले समाधान गर्नतर्फ एजेन्डामा समावेश गरिएको उहाँले बताउनुभयो । "यसको असर समाधानका लागि स्थानीयलाई सचेत गराउँदै संसद्बाट नीतिगत योजना बनाउन आवश्यक छ", उहाँले भन्नुभयो, "यहाँको प्राकृतिक सौन्दर्यतालाई यसको असरबाट जोगाउने लक्ष्यका साथ एजेन्डा निर्धारण गरिएको हो ।" नेकपाका उम्मेदवार यशोदा सुवेदी गुरुङले पर्यटन मनाङको मुख्य आयस्तर भएकोले यसको प्रवर्द्धन गर्ने बताउनुभयो । "प्रकृति, संस्कृति र साहसिक पर्यटनमार्फत मनाङसहित मुलुकलाई विश्वस्तरसम्म परिचित गराउनु छ", उहाँले भन्नुभयो, "पर्यटन समृद्धिको मेरुदण्ड हो । यसको संरक्षण र वैकल्पिक पदमार्ग निर्माण गर्ने लक्ष्य छ ।" सडक विस्तारका कारण विश्वको जोखिमयुक्त अन्नपूर्ण पदमार्ग प्रभावित भएकाले वैकल्पिक पदमार्ग निर्माणलाई प्राथमिकतामा राखिएको सुवेदी गुरुङले बताउनुभयो। "यहाँको तिलिचोताल, आइसलेकलगायत तालतलैयाको प्रवर्द्धन, थोराङ्ला पास, लार्केपास, काङ्ला पासलाई प्रमुख पर्यटनको क्षेत्रका रूपमा प्रवर्द्धन गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो, "यसले मनाङ समृद्ध बन्छ ।" निर्वाचनमा पुराना दलबीच प्रतिस्पर्धा हुने भएको छ। प्रतिनिधिसभा निर्वाचन २०७९ मा कुल मत छ हजार ७७९ मा चार हजार ८२७ मत खसेको थियो । कांग्रेसका टेकबहादुरले दुई हजार ५७५ मत ल्याउनुभएको थियो।

एमालेका पोल्देन छोपाङ गुरुङले दुई हजार २४७ मत ल्याउनुभएको थियो । समानुपातिकतर्फ कांग्रेसले दुई हजार ४३०, एमालेले दुई हजार १९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १४६, नेकपा माओवादीले १३३, जसपाले आठ र जनमोर्चाले दुई मत प्राप्त गरेको थियो । मनाङमा यस निर्वाचनमा तीन हजार ६२३ महिला र तीन हजार ३७७ पुरुष मतदाताले २९ मतदान केन्द्रमार्फत मतदान गर्ने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । गत निर्वाचनमा भएको प्रतिस्पर्धाभन्दा यसपटकको निर्वाचन भिन्न देखिएको छ। नेकपा एमाले र राप्रपाले कांग्रेसलाई समर्थन गरेको छ। कांग्रेस, नेकपा र मङ्गोल नेसनल अर्गनाइजेसनबीच प्रतिस्पर्धा हुनेछ।

## बालमैत्री गण्डकी प्रदेश निर्माण हाम्रो साझा लक्ष्य हो : मन्त्री विन्दुकुमार थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले बालमैत्री गण्डकी प्रदेश निर्माणलाई साझा लक्ष्यका रूपमा अघि बढाउन सबै सरोकारवालालाई आह्वान गरेका छन्।

शुक्रबार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत सामाजिक विकास महाशाखाको आयोजनामा सम्पन्न भएको "बालबालिका सम्बन्धी नियमावली, २०८२" को मस्यौदामाथि विस्तृत छलफल तथा अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन्।

प्रदेश बाल अधिकार समितिको बैठकसमेत बसेर बाल अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयनका विषयमा महत्वपूर्ण निर्णयहरू गरिएको उनले उल्लेख गरे । "बालबालिका भविष्यका मात्र होइन, वर्तमानका संवाहकसमेत हुन् । उनीहरूको अधिकार सुनिश्चित गर्ने, सुरक्षित



तथा सम्मानित वातावरण निर्माण गर्ने र नीति-कार्यक्रमलाई प्रभावकारी बनाउने दायित्व सरकारको प्राथमिकतामा छ ।", उनले भने । सहभागी सबैलाई रचनात्मक सुझाव र सक्रिय सहभागिताका लागि धन्यवाद दिँदै प्राप्त सुझाव समेटेर नियमावलीलाई थप सुदृढ र व्यवहारिक बनाइने प्रतिबद्धता उनको छ।

कार्यक्रममा मन्त्रालयका सचिव डा. शेष नारायण पौडेलले प्रदेश स्तरमा बालअधिकार प्रचार-प्रसार नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राख्दै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको धारणा राखे। उनले बालगृहहरूलाई व्यवस्थित बनाउन स्पष्ट मापदण्ड र प्रभावकारी अनुगमन जरुरी रहेको बताए।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले बालगृहहरूको नियमित अनुगमनमा विशेष जोड दिनुपर्ने, नेपाल बाल संगठनसँग तादम्यता बढाउनुपर्ने तथा जिल्ला समन्वय समितिलाई स्पष्ट जिम्मेवारी दिएर अघि बढ्नुपर्ने सुझाव दिए। उनले गुम्बा, छठ र मन्दिरजस्ता स्थानमा रहेका बालबालिकाको संरक्षणमा समेत विशेष ध्यान दिन आग्रह गरे ।जिल्ला प्रहरी कार्यालय गण्डकीका प्रहरी वरिष्ठ उपरीक्षक तुल बहादुर कार्कीले संरचनागत कमजोरी सुधार गर्न प्रदेश र स्थानीय तहमा बालबालिका सम्बन्धी छुट्टै 'डेडिकेटेड टिम' गठन गर्नुपर्ने आवश्यकता औंल्याए। माछापुच्छे गाउँपालिकाकी उपाध्यक्ष सीता अधिकारीले विद्यालय स्तरमै हुने बालबालिका दुर्व्यवहार नियन्त्रणका लागि नीतिगत सुदृढीकरण र प्रभावकारी कार्यान्वयन पक्षमा जोड दिनुपर्ने धारणा व्यक्त गरिन्। छलफलका क्रममा मनोविज्ञको व्यवस्था कसरी गर्ने, समाजमा बाल दुर्व्यवहार रोकथामका उपायहरू, समस्यामा परेका बालबालिकालाई जीवनउपयोगी सीपसँग कसरी जोड्ने भन्ने विषयमा समेत गहन बहस भएको थियो।

कार्यक्रममा गैरसरकारी संस्था प्रतिनिधि, सामाजिक महाशाखा प्रमुख तथा अन्य सरोकारवालाहरूले आ-आफ्नो धारणा राखेका थिए। कार्यक्रमले बाल अधिकारसम्बन्धी नीतिगत तथा कार्यान्वयन पक्षलाई थप सशक्त बनाउने विश्वास व्यक्त गरिएको छ।

## पोखराका अटोमेकानिकलहरुलाई भ्याट र कर सम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन


पोखराका अटो क्षेत्रमा कार्यरत व्यवसायीहरुले आयकर तथा मूल्य अभिवृद्धि कर( भ्याट) सम्बन्धी तालिममा सहभागी भएका छन्।

उद्योगी/व्यवसायीहरुको छाता संस्था पोखरा उद्योग वाणिज्य संघले जर्मन सहयोगी संस्था जीआइजेडको



दीगो विकासका लागि राजश्व सुधार परियोजना (आरएसआर एसडी) को सहयोगमा २ दिने तालिमको आयोजना गरेको हो । तालिमका निम्ति गण्डकी अटो मेकानिकल वर्क्स एसोसियसनसँग सहकार्य गरिएको थियो । तालिममा सिए विवेक श्रेष्ठले सहभागी करिब ५५ जनालाई तालिम प्रदान गरेका थिए । तालिम उद्घाटन कार्यक्रममा बोल्दै आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले दैनिक जीवनको अपरिहार्य आवश्यकता बनेको अटो क्षेत्रमा कार्यरत व्यवसायीलाई करका विविध आयामबारे जानकारी दिने उद्देश्यले तालिम

बाँकी अन्तिम पृष्ठमा ▶▶



# २० औँ पोखरा अन्तर्राष्ट्रिय म्याराथनका शनिबार हुने

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन

पोखरामा शनिबार २० औँ संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन-२०८२ हुने भएको छ । नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा शनिबार बिहान ७:०० बजे उक्त दौड पोखरा रंगशालाबाट सुरु हुने भएको मञ्चका अध्यक्ष दील बहादुर गुरुङले बताउनु भयो ।

म्याराथन सहितको २१ वटा इभेण्टको लागि आवश्यक अन्तिम तयारी पूरा भएको समेत बताउदै उहाँले यस वर्ष पोखरा म्याराथन अन्तर्गत ४२ किलोमिटरको म्याराथन, हाप म्याराथन (२१ किलोमिटर) सहितका २१ वटा इभेण्टमा प्रतिस्पर्धा हुने बताउनु भयो । ३ हजार ५ सय ६ जना धावकरु सूचिकृत भएको उल्लेख गर्दै मञ्चका अध्यक्ष गुरुङले 'रन फर फन' सहित करिब १० हजार जना शनिबार पोखरा म्याराथन दौडको अभियानमा सहभागि हुने दाबी गर्नु भयो । खुल्ला म्याराथन ४२.१९५ किमि, राष्ट्रिय तथा प्रदेशस्तरीय म्याराथन, ४५ वर्ष माथिको म्याराथन, हाफ म्याराथन महिला-पुरुष, १० किमि दौड, विद्यालयस्तरीय ५ किमि दौड, भेट्रान्स, कर्पोरेट दौड तथा 'रन फर फन' समावेश गरिएको उहाँले जनाउनु भयो । प्रतियोगितामा अमेरिका, बेलायत, न्यूजिल्याण्ड, केन्या, नाइजेरिया, बेल्जियम लगायत विभिन्न देशबाट धावकहरूको सहभागिता रहने भएको मञ्चका सचिव महेश पौडेलले बताउनु भयो ।

यस वर्ष २१ वटा स्पर्धामा ७६ जना विजेतालाई कुल रु १९ लाख ९८ हजार नगद पुरस्कार वितरण गरिने भएको अध्यक्ष गुरुङले जनाउनु भयो । म्याराथनतर्फ प्रथम हुनेले रु ४ लाख, द्वितीयले रु २ लाख र तृतीयले रु १ लाख नगद पुरस्कार प्राप्त गर्नेछन् । चौथोदेखि आठौँ स्थानसम्मका खेलाडीलाई पनि नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । साथै, दूरी पूरा गर्ने सबै खेलाडीलाई ३ हजार ७ सय फिनिसर मेडल प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । पोखराको नगरी परिक्रमा गरी पोखराको बाराहीघाट खेल मैदानमा प्रतियोगिता समापन हुने भएको हो ।



हिउँमा गस्ती गर्दै नेपाली सेनाको टोली
प्रतिनिधिसभा निर्वाचन सुरक्षाका लागि माथिल्लो मुस्ताङको लोमान्थाङ थुर्लुङफाटस्थित नेपाली सेनाको निर्वाचन बेस क्याम्पका सेनाको टोली हिउँले सेताम्मे सुर्खाङ पदमार्गमा गस्ती गर्दै । तस्बिर :सुन्दरकुमार थकाली / रासस

# चुनावी मुद्दा मात्रै बन्दै ज्येष्ठ नागरिकका सवाल

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन

नेपालमा २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पछि पनि हालसम्म धेरैपटक निर्वाचन सम्पन्न भइसकेका छन् ।

हरेक निर्वाचनमा दलहरूका घोषणापत्रमा ज्येष्ठ नागरिकका हकहितका विषयलाई प्राथमिकताका साथ उठाइए पनि अपेक्षित रुपमा अझै पनि ज्येष्ठ नागरिक आफ्ना हक तथा अधिकारबाट वञ्चित बनिरहेका छन् । यसबीचमा ज्येष्ठ नागरिकका लागि दिन थालिएको समाजिक सुरक्षा भत्ताजस्ता कुराले उनीहरूलाई केही न केही राहत मिले पनि अन्य धेरै किसिमका सेवासुविधाबाट वञ्चित हुनुपरेको ज्येष्ठ नागरिहरू बताउँछन् ।

आसन्न फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा दलहरूका घोषणपत्रमा ज्येष्ठ नागरिकका हकहितका सम्बन्धमा के-कस्ता विषय समेटिन्छन् त्यसको प्रतिक्षा भइरहेको छ । ज्येष्ठ नागरिक ऐन, २०६३ ले ६० वर्ष पुगेको नेपाली नागरिकलाई ज्येष्ठ नागरिकका रुपमा लिएको जिल्ला समन्वय समिति कास्कीका शाखा अधिकृत एवं महिला तथा ज्येष्ठ नागरिक मन्त्रालयका कास्की जिल्ला स्थानीय स्रोत व्यक्ति लक्ष्मु शर्माले जानकारी दिनुभयो । विसं २०७८ को जनगणनाअनुसार नेपालमा कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेकामा ६० वर्ष माथिका ज्येष्ठ नागरिकको सङ्ख्या २९ लाख ७७ हजार ३१८ जना छ । नेपालको कूल जनसङ्ख्याको १० दशमलव २१ प्रतिशत ज्येष्ठ नगारिक रहेको बताउँदै शर्माले भन्नुभयो, "जनसङ्ख्याको वार्षिक औषत वृद्धिदर ० दशमलव ९२ प्रतिशत हुँदा ज्येष्ठ नागरिकको वार्षिक वृद्धिदर ३ दशमलव ५ प्रतिशत रहेको छ ।"

नेपालको जनसङ्ख्यामा बालबालिकाको सङ्ख्या घट्दै र ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएको बताउँदै उहाँले यसले निकट भविष्यमा नै नेपाल वृद्ध समाजका परिणत हुनसक्ने अवस्थालाई सङ्केत गरेको बताउनुभयो । पछिल्ला समयमा ज्येष्ठ नागरिकलाई लक्षित गरी विभिन्न ऐनकानुन बने पनि तिनीहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको ज्येष्ठ नागरिक महासङ्घका पूर्वकेन्द्रीय सचिव एवं पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले बताउनुभयो । ज्येष्ठ नागरिकका हकअधिकारलाई ऐन तथा कानुनले सुनिश्चित गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा ज्येष्ठ नागरिकहरू आफ्ना हक तथा अधिकारबाट बञ्चित बनिरहेको उहाँको भनाइ छ । आसन्न निर्वाचनमा दलहरूले ज्येष्ठ नागरिकका हकहितका विषयलाई आफ्ना घोषणापत्रमा स्पष्ट पानुपर्ने उल्लेख गर्दै उहाँले भएका कानुनहरूको प्रभावकारी कार्यान्वयनमा प्रतिबद्धता आउनुपर्ने बताउनुभयो । नेपालको संविधानको भाग ३, धारा ४१ मा ज्येष्ठ नागरिकको मौलिक हकका रुपमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ, भन्ने उल्लेख गरिएको छ । संविधानतः नै ज्येष्ठ नागरिकका मौलिक हक सुनिश्चित गरिनाका साथै ज्येष्ठ नागरिक ऐन तथा त्यससँग सम्बन्धित कानुन बने पनि कार्यान्वयन पक्ष प्रभावकारी नबन्दा उनीहरू प्राप्त गर्नुपर्ने सेवासुविधाबाट अझै वञ्चित हुनुपरेकोप्रति सबैको ध्यान पुग्नु जरुरी भएको उहाँले बताउनुभयो । विसं २०६३ मा ज्येष्ठ नगारिक ऐन र त्यसपछि २०६८ मा नियमावली बनिसके पनि ती ऐन तथा कानुनमा किटान नै गरिएका स्वास्थ्य, यातायातलगायत क्षेत्रमा पाउने सेवासुविधा अझै पाउन नसकिएको ज्येष्ठ नागरिकहरूको गुनासो छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐनले नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको कुनै सार्वजनिक सवारीसाधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुई सिट सुरक्षित राख्नुपर्छ र निजलाई यातायात भाडामा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्छ भन्ने स्पष्ट व्यवस्था गरेको छ । ऐनले व्यवस्था गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा आफूहरू उक्त सुविधाबाट बञ्चित बनिरहेको उनीहरूको गुनासो छ । त्यस्तै स्वास्थ्य सेवालगायत अन्य क्षेत्रमा पनि ऐन तथा नियमावलीमा उल्लेखति सेवासुविधा व्यहारमा उपयोग गर्न नपाएको ज्येष्ठ नागरिकहरू बताउँछन् । नेपाल सरकारले नागरिकताअनुसार ६० वर्ष काटेका नागरिकलाई महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट ज्येष्ठ नागरिक परिचयपत्र दिने गरेको छ । राज्यले दिएको परिचयपत्रका आधारमा स्वास्थ्योपचार, यातायातलगायत क्षेत्रमा सहुलियत पाउने भनिए पनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा कानुनतः पाउनुपर्ने सहुलियतबाट बञ्चित बन्नुपरेको ज्येष्ठ नागरिक सरोकार समाज नेपालका सचिव अम्बिकाप्रसाद भट्टराईले बताउनुभयो । साठी वर्ष माथिकालाई ज्येष्ठ नागरिक भनिए पनि स्वास्थ्योपचारलगायत सुविधा ७० वर्ष माथि मात्रै पाउने अवस्था रहेको बताउँदै उहाँले पाउने सुविधा पनि प्रभावकारी बन्न नसकेको बताउनुभयो । वर्ग र समुदायअनुसार कसैले ६० वर्ष पुगे त कसैले ७० वर्ष पुगेपछि मात्रै सुविधा पाउने विभेदपूर्ण अवस्थाको पनि अन्त्य हुनुपर्ने उहाँको भनाइ छ । ज्येष्ठ नागरिकलाई लक्षित गरी हरेक सरकारी कार्यालयमा सहायता कक्ष(हेल्प डेस्क)हरू राखिनुपर्ने बताउँदै उहाँले राज्यले वृद्धाश्रम खोल्ने नभई हरेक घरघरमा ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक बाँच्ने पाउने अवस्था सिर्जना गनुपर्ने बताउनुभयो । "राज्ले समाजिक सुरक्षाअन्तर्गत ज्येष्ठ नागरिकलाई दिइने सुविधा कर्मचारी एवं जनप्रतिनिधिमार्फत घरघरमा पुऱ्याउनु आवश्यक छ", उहाँले भन्नुभयो, "कतिपय ज्येष्ठ नागरिक शारीरिक अशक्तताका कारण घरबाट बाहिर जानसक्ने अवस्थामा नभएका कारण पाउनुपर्ने सुविधाबाट पनि वञ्चित हुनुपर्ने अवस्थाप्रति राज्य गम्भीर बन्नुपर्छ ।" आसन्न निर्वाचनमा दलहरूले आफ्ना घोषणापत्रमा ज्येष्ठ नागरिकका सम्बन्धमा भएका कानुनको प्रभावकारी कार्यान्वयनसँगै उनीहरूका लागि प्रदान गर्न सकिने सेवासुविधालाई स्पष्टताका साथ किटान गर्नुपर्ने उहाँको सुझाव छ ।

ज्येष्ठ नागरिकका हकहितका सम्बन्धमा पछिल्ला समयमा संस्थागत एवं व्यक्तिगत रुपमा विभिन्न प्रयास भइरहे पनि राज्यका तर्फबाट भए गरेका कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनुपर्ने लेखनाथ उद्योग वाणिज्य सङ्घका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कमाचार्य बताउनुहुन्छ । कानुनको प्रभावकारी कार्यान्वयनबाट ज्येष्ठ नागरिकका हक तथा अधिकारलाई सुनिश्चित गराउन सकिने उहाँले बताउनुभयो ।

# संस्थान र उपभोक्ताको हितमा काम गर्न कार्कीको निर्देशन

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन

नेपाल खानेपानी संस्थान पोखरा शाखाका कार्यालय प्रमुख आशिष कार्कीले संस्थानबाट दिने सेवालाई प्रभावकारी बनाउन निर्देशन दिएका छन् ।

नेपाल खानेपानी संस्थान कर्मचारी संघ इकाई समिति पोखराद्वारा आयोजित सम्मान तथा विदाई कार्यक्रममा प्रमुख कार्कीले सेवा प्रवाह गर्दा कर्मचारीले मन र ध्यान दिएर उपभोक्ताको हितमा कार्य गर्न कर्मचारीलाई अनुरोध गरेका हुन् । कर्मचारी संघ इकाई समितिका अध्यक्ष अनील शर्मा सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा संघका तत्कालिन उपाध्यक्ष भोजराज चापागाँईलाई विदाई गर्दै कार्यालय प्रमुख कार्कीले कर्मचारीमा इमान्दारिता, लगानशीलता र गर्छु भन्ने मान्यता अंगिकार गर्न आग्रह गर्दै खानेपानीको सेवा क्षेत्रमा अब्बल बनाउने काम कर्मचारीबाट मात्र सम्भव हुने बताए । कार्यक्रममा कर्मचारी संघका केन्द्रीय अध्यक्ष केदार धमलाले संस्थानलाई बलियो र भरपर्दो बनाउने अभियान केवल कर्मचारीबाट मात्र पुरा हुने भन्दै कर्मचारीको सेवा, सुविधा तथा स्थायित्व तर्फ सिंगो व्यवस्थापन लाग्नु पर्नेमा जोड



दिएका थिए ।

अध्यक्ष धमलाले संस्थानको ३७ औं वार्षिकोत्सव आगामी फागुन १५ गते भएकाले कर्मचारी संघले रचनात्मक कार्यक्रम मार्फत् सवै कर्मचारीलाई जोड्न आग्रह गरेका थिए । कर्मचारी संघ इकाई समितिका सचिव विमल तिम्सिनाले सञ्चालन गरेको कार्यक्रममा स्वागत गर्दै कर्मचारी संघका सदस्य विक्रम बरुवालले भोजराज चापागाईबाट सिक्नु पर्ने ज्ञान धेरै भएकाले शिक्षक सेवामा आवद्ध भएपनि संस्थानलाई निरन्तर माया र सद्भाव राख्न अनुरोध गरेका थिए । कार्यक्रममा कर्मचारी संघ केन्द्रीय समिमिका सल्लाहकार एवं पोखरा शाखाका प्रशासन प्रमुख विष्णु प्रसाद रेग्मीले कर्मचारी एकतामा जोड दिँदै आफूलाई परेको समस्या खुलेर भन्न आग्रह गरेका थिए । कार्यक्रममा कर्मचारी संगठन केन्द्रीय समितिका महासचिव वसन्तराज भण्डारीले संघको रचनात्मक कार्यक्रमलाई शुभकामना दिँदै विदाई भएका कर्मचारी चापागाईलाई आगामी दिनको सुखद यात्राको कामना गरेका थिए । शिक्षक सेवा आयोगबाट आगामी यात्रा तय गरेका भोजराज चापागाईले कार्यालयको निर्देशन र आदेश पूर्ण पालना गर्नु नै कर्मचारीको गहना भएकाले सधै सकारात्मक सोच राख्न अनुरोध गरेका थिए । उनले आफूबाट अन्जानमा भएको कमी कमजोरीलाई मनमा नलिन कार्यरत कर्मचारीसँग आग्रह समेत गरेका थिए । चापागाईलाई दोसल्ला र कदर पत्रले सम्मान तथा विदाई गरिएको कर्मचारी संघका सदस्य रुपेश पाण्डेले जानकारी दिए । चापागाई हाल काठेखोला गाउँपालिका बाग्लुङ स्थित धारा माध्यमिक विद्यालयमा अध्यापन गराउँदै आएका छन् ।

# पोखराका...

आयोजना गरिएको बताए । विभिन्नखाले व्यवसायमा संलग्न व्यवसायीहरुले भ्याट र करसम्बन्धी ज्ञान प्राप्त गर्दा राजश्वमा बृद्धिमा योगदान गर्ने उनको विश्वास थियो । अध्यक्ष कार्कीले पोखरा उद्योग वाणिज्य संघले प्रदान गर्ने सेवा-सुविधाको चर्चा गर्दै दण्ड जरिवानाबाट व्यवसायीलाई जोगाउनका निम्ति संघले आवश्यक सहयोग प्रदान गर्ने प्रतिवद्धता पनि जनाए ।

पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा बोल्दै नेपाल अटो मेकानिकल वर्क्स एसोसियसनका केन्द्रीय उपाध्यक्ष कुलबहादुर नेपालीले अटो क्षेत्रलाई व्यवस्थित गर्नेतर्फ राज्यले विशेष ध्यान दिनुपर्ने बताए । व्यवसायीहरुलाई समयानुकुलको सीपका निम्ति एसोसियसनले पोखरामा पहिलोपटक इभी गाडी मर्मतको तालिम दिइएको र भ्याट एवं करसम्बन्धी तालिमले त्यसमा नयाँ आयाम थपेको उनको भनाइ थियो । निम्ति गण्डकी अटो मेकानिकल वर्क्स एसोसियसन पोखराका अध्यक्ष विष्णुप्रसाद अधिकारीले पछिल्लो तालिमले श्रम गरेर खाने अटोमेकानिकल क्षेत्रका व्यवसायीहरुलाई दण्ड र जरिवानाबाट बच्न सघाउने बताए ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# आहा रारा गोल्डकप: प्लानिङ ब्वाइज विजयी

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन

पोखरामा सञ्चालन भइरहेको राष्ट्रिय तथा अन्तरराष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको आजको खेलमा प्लानिङ ब्वाइज युनाइटेड विजयी भएको छ ।

पोखरा रङ्गशालामा भएको खेलमा प्लानिङले ४-० गोलको फराकिलो अन्तरले फ्रेण्ड्समाथि जित निकालेको हो । विदेशी खेलाडी पापा इबु केबेको ह्याट्रिकको मद्दतमा उत्कृष्ट जित निकाल्दै प्लानिङ क्वाटरफाइनलमा प्रवेश गर्न सफल भएको छ । प्लानिङले आहा रारामा पहिलोपटक



सहभागिता जनाएको हो । खेलको २४औं मिनेटमा पेनाल्टी बक्सभित्र ह्याण्ड भएपछि पाएको पेनाल्टीलाई एलेक्स विलियनले गोल गर्दै अग्रता दिलाएका हुन् । पहिलो हाफको इन्जुरी समयमा प्लानिङले अर्को गोल थपे भने साहिल केसीले दिएको उत्कृष्ट पासलाई केबेले उत्कृष्ट गोलमा परिणत गरे । खेलको ५४औं मिनेटमा केबेले दोस्रो गोल गर्दै फ्रेण्डसमाथि दबाबसँगै अन्तर फराकिलो बनाए । खेलको ८१औं मिनेटमा गोल गर्दै केबेले ह्याट्रिक गरेका छन् । शनिबार हुने पहिलो क्वाटरफाइनल खेलमा घरेलु टोली सहाराले नेपाल पुलिस क्लबको सामना गर्नेछ । सहारा क्लब पोखराको आयोजनामा यही फागुन ९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विदेशका तीन र नेपालका नौ गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । आयोजक सहाराका अध्यक्ष केशवबहादुर थापाका अनुसार प्रतियोगिताको च्याम्पियन टोलीले रु १४ लाख एक हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउँदा उपविजेता टोलीले रु सात लाख एक हजारसहित ट्रफी पुरस्कार पाउनेछन् ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# भ्यालेन्टाइन डे, मुना–मदन र पोखरा

दिपेन्द्र पहारी, पर्यटन विज्ञ



हरेक वर्ष जब फेब्रुवरी चौध तारीख आउँछ, संसारभरि प्रेम दिवसका रूपमा मनाइने भ्यालेन्टाइन डेले मानिसका प्रेमिल मनमा विशेष तरंग ल्याउँछ। यो दिनको इतिहास रोमन सभ्यतासम्म पुग्छ, जहाँ सेन्ट भ्यालेन्टाइन नामका धर्मगुरुले प्रेमी जोडीहरूको विवाह गराइदिएको कारण मृत्युदण्ड स्वीकार गरे भन्ने किंवदन्ती छ । मृत्युभन्दा अघि उनले आफ्नी प्रेमीकालाई लेखेको पत्रमा "तिम्रो भ्यालेन्टाइन" भनेर हस्ताक्षर गरेका थिए, र त्यही शब्द आज विश्वभर प्रेमको प्रतीक बनेको छ । यसरी हेर्दा, भ्यालेन्टाइन डे केवल आधुनिक फेसन मात्र नभई, त्याग र साहसको कथा बोकेको दिन हो। प्रेमलाई सामाजिक मान्यता दिन र हृदयको आवाजलाई स्वीकार गर्न तयार भएको एउटा ऐतिहासिक क्षणको स्मरण पनि हो यो दिन ।

तर प्रेमको वास्तविक अर्थ के हो? के प्रेम केवल फूल, उपहार र तस्वीरमा सीमित छ ? वा त्यो जीवनका कठिन मोडहरूमा पनि अडिग रहने विश्वास हो ? यी प्रश्नहरूको उत्तर खोज्दा हामी नेपाली साहित्यको अमर कृति 'मुना-मदन' तिर पुग्छौँ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेको यो काव्य प्रेमकथा र मानव जीवनको दार्शनिक व्याख्या हो । मदन धन कमाउन परदेश जान्छन्, मुना घरमै बसेर प्रतीक्षा गर्छिन्। मदन बिरामी पर्छन्, समाजले साथ छाड्छ, तर एक अपरिचित भोटेले उनलाई बचाउँछन् । घर फर्केर आउँदा मदनले बुझ्छन्-धनभन्दा ठूलो मानवीयता र प्रेम रहेछ। तर जब उनी घर आइपुग्छन्, मुना संसारबाट विदा भइसकेकी हुन्छिन् । प्रतीक्षाको त्यो पीडा र अधुरो पुनर्मिलनको कथा हरेक पाठकको मनमा गहिरो घाउझैँ बसेको छ। मुना-मदनको प्रेम भ्यालेन्टाइन डेले सिकाउने प्रेमभन्दा धेरै गहिरो छ। यहाँ न त चकलेट छ, न त रेस्टुरेन्टको उज्यालो । यहाँ छ त केवल विश्वास, त्याग र समयको कठोर परीक्षा । मुना प्रतीक्षाको प्रतीक हुन्, मदन संघर्षका । उनीहरूको कथा पढ्दा लाग्छ, प्रेम भनेको सँगै बिताएको क्षण मात्र होइन, टाढा हुँदा पनि नटुट्ने विश्वास हो । भ्यालेन्टाइन डेले प्रेम व्यक्त गर्न सिकाउँछ भने मुना-मदनले प्रेम जोगाउन सिकाउँछ । यसरी हेर्दा, यी दुई कथाहरू फरक समय र परिवेशका भए पनि प्रेमको सार एउटै छ–मानव हृदयको गहिराइ । दार्शनिक दृष्टिले जीवन नदीझैँ बगिरहन्छ। कहिले शान्त, कहिले वेगवान। प्रेम त्यो किनारा हो, जसले जीवनलाई दिशा दिन्छ । समय सधैँ हाम्रो पक्षमा हुँदैन, तर प्रेमले समयलाई अर्थ दिन्छ । मुना-मदनको कथा पढ्दा बुझिन्छ–मान्छे ठूलो धनले होइन, ठूलो दिलले हुन्छ। यही वाक्य आज पनि उत्तिकै सान्दर्भिक छ । भ्यालेन्टाइन डे मनाउँदा यदि हामीले प्रेमको दार्शनिक गहिराइलाई सम्झियौँ भने, त्यो केवल बाहिरी प्रदर्शनमा सीमित रहने छैन, आत्मिक अनुभूति बन्नेछ । नेपालमा पछिल्ला वर्षहरूमा भ्यालेन्टाइन डे विशेष गरी युवा पुस्तामाझ लोकप्रिय बनेको छ। काठमाडौँ, पोखरा, चितवन जस्ता सहरहरूमा रेस्टुरेन्ट, क्याफे र होटलहरूले विशेष कार्यक्रम आयोजना गर्छन्।

गुलाबको फूल, शुभकामना कार्ड, सामाजिक सञ्जालमा प्रेमका अभिव्यक्ति–यी सबै अहिले सामान्य दृश्य बनेका छन्। कतिपयले यसलाई पाश्चात्य संस्कृतिको प्रभाव भनेर आलोचना गरे पनि प्रेम कुनै देश वा संस्कृतिमा सीमित हुँदैन। हाम्रो समाजमा पनि राधा-कृष्णका कथा, सावित्री-सत्यवानको प्रेम, प्रेमकै विविध रूप हुन् । त्यसैले भ्यालेन्टाइन डे विदेशी होइन, प्रेमको विश्वव्यापी भाषा मात्र हो ।

अब प्रश्न उठ्छ–नेपालको पर्यटन राजधानी पोखरालाई कसरी प्रेमको गन्तव्य बनाउन सकिन्छ ? पोखरा प्राकृतिक सौन्दर्यले भरिपूर्ण शहर हो । फेवा तालको किनारमा डुंगा सयर गर्दै सूर्यास्त हेर्नु, सराङकोटबाट हिमालमाथि उदाउँदो घामसँगै नयाँ जीवनको कल्पना गर्नु, विश्व शान्ति स्तूपमा उभिएर शान्त वातावरणमा भविष्यका सपना साटासाट गर्नु-यी सबै प्रेमका जीवित अनुभव हुन् । यहाँको हावा नै रोमान्टिक छ, यहाँको पानी नै आत्मीय छ। यदि मुना-मदन प्रतीक्षाको कथा हो भने, पोखरा पुनर्मिलनको स्थल बन्न सक्छ । पोखरालाई "प्रेम गन्तव्य"का रूपमा विकास गर्न सकिने सम्भावना धेरै छन् ।

भ्यालेन्टाइन सप्ताहमा मुना-मदनको काव्य वाचन, नाट्य प्रस्तुति र सांगीतिक साँझ आयोजना गर्न सकिन्छ । फेवा ताल किनारमा प्रेम कविता प्रतियोगिता, खुला मञ्चमा प्रेमपत्र लेखन कार्यक्रम, स्थानीय कलाकारहरूको प्रेमगीत प्रस्तुति-यी सबैले पर्यटनलाई नयाँ आयाम दिन सक्छन्।होटल र रेस्टुरेन्टहरूले विशेष "पोखरामा प्रेम" प्याकेज ल्याउन सक्छन् । सराङकोटमा सूर्योदयसँगै जोडीहरूका लागि विशेष हाइकिङ कार्यक्रम, डुंगा सयरसँगै सांस्कृतिक प्रस्तुति-यी गतिविधिहरूले आन्तरिक तथा बाह्य पर्यटन दुवैलाई आकर्षित गर्न सक्छन् । यसरी हेर्दा, भ्यालेन्टाइन डे, मुना-मदन र पोखरा एक त्रिकोणका तीन कोणजस्ता देखिन्छन्। भ्यालेन्टाइन डेले प्रेमलाई उत्सव बनाउँछ, मुना-मदनले प्रेमलाई मूल्य र दर्शन दिन्छ, र पोखराले प्रेमलाई अनुभवमा रूपान्तरण गर्छ। यदि हामीले यी तीन तत्वलाई सन्तुलित रूपमा जोड्न सक्यौँ भने, प्रेम केवल व्यक्तिगत अनुभूति मात्र होइन, सांस्कृतिक र आर्थिक सम्भावना पनि बन्न सक्छ । पर्यटन प्रवर्द्धनका लागि प्रेमजस्तो सार्वभौमिक भावनालाई केन्द्रमा राख्नु सशक्त रणनीति हुन सक्छ ।

अन्ततः, जीवन सधैँ भव्य हुँदैन। कहिलेकाहीँ साधारण चियाको कपमा पनि प्रेम भेटिन्छ । फेवा तालको छेउमा बसेर हल्का हावासँगै भविष्यका सपना देख्नु, सराङकोटको उकालो चढ्दै हात समातेर अघि बढ्नु-यी साना क्षणहरू नै जीवनका ठूला अर्थ हुन् । मुना-मदनले सिकाएको मानवताको पाठ, भ्यालेन्टाइन डेले स्मरण गराएको प्रेमको साहस, र पोखराले दिएको प्राकृतिक अनुभूति-यी सबै मिलेर जीवनलाई पूर्ण बनाउँछन् ।

यदि प्रेमलाई केवल एक दिनमा सीमित नगरी जीवनभरको आचरण बनाइयो भने, हरेक दिन भ्यालेन्टाइन हुनेछ । यदि मुना-मदनको त्यागलाई सम्झेर प्रेम गरियो भने, त्यो सम्बन्ध समयको परीक्षामा पनि अडिग रहनेछ । र यदि पोखराको सुन्दरता बीच प्रेमको उत्सव मनाइयो भने, त्यो केवल व्यक्तिगत क्षण होइन, राष्ट्रिय पर्यटनको नयाँ सम्भावना बन्न सक्छ । यही त्रिकोणीय सम्बन्धले भविष्यमा पोखरालाई प्रेमको राजधानीका रूपमा चिनाउने सपना देख्न सकिन्छ-जहाँ प्रेम, साहित्य र पर्यटन एकै सूत्रमा गाँसिएका हुनेछन् । ह्याप्पी भ्यालेन्टाइन !



# जलजलामा १८ ठाउँमा एकैपटक शवदाहस्थल निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १ फागुन

जिल्ला सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाले पालिकाभित्र रहेका सबै शवदाहस्थललाई एकैपटक व्यवस्थित गर्न आयोजना निर्माण सुरु गरेको छ।

सङ्घीय सरकारसँगको लागत साझेदारीमा जलजला गाउँपालिकाले १८ ठाउँका शवदाहस्थलमा पूर्वाधार निर्माण गरेर व्यवस्थित बनाउन लागेको हो । जलजलाको अधिकांश शवदाहस्थल कालीगण्डकी नदीको किनारमा रहेका छन् । लेकफाँट, वनमडे, डाँडाकटेरी, लोप्रे, कुवापानी, बनौलगायत जनजाति बस्तीको माथिल्लो क्षेत्रका घाटहरूलाई पनि व्यवस्थित बनाइने भएको छ । रु दुई करोड ५८ लाखमा ठेक्का सम्झौता गरेको जेआरएस इन्जिनियरिङ सोलुसन एन्ड कन्ट्रक्सन दाङले योजना निर्माणको काम सुरु गरेको छ । पानी परेको अवस्थामा पनि शव जलाउन मिल्ने सत्तल, घाटमा पुग्ने पदमार्ग, कपडा फेर्ने ठाउँ, मलामी बस्ने आश्रयस्थल, शौचालय, पानी, विद्युत्को व्यवस्था मिलाउन पूर्वाधार तयार पारिने जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । "धेरै मानिसको जमघट हुने घाटमा पूर्वाधार अभावमा नागरिकले समस्या भोग्नुपरेको गुनासो आएपछि राष्ट्रिय योजना आयोगमा समपूरक बजेटका लागि गरेको प्रस्ताव स्वीकृत भएपछि आयोजना कार्यान्वयन थालिएको हो", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्यसहित योजना निर्माण अघि बढेको छ ।" शवदाहस्थल नजिकै हिन्दू मृत्यु संस्कारमा आवश्यक पर्ने बर र पिपलको बिरुवा पनि रोपिनुका साथै संरक्षण समिति बनाएर समुदायलाई हस्तान्तरण गरिने भएको छ। व्यवस्थित घाट नहुँदा बर्खामा बाढीले जलाउँदै गरेको शव बगाउने, मलामीहरूले गर्मीमा चर्को घामको सामना र झरीमा रुझ्नुपर्ने समस्या रहेको छ । जलजला गाउँपालिका-६ शालिजामा भने यसअघि नै दुईवटा घाट निर्माण भएर प्रयोगमा छन् । योजनामार्फत डमुवाखोला, लस्ती, खनियाघाट, मिलनचोक, वारीबेनीलगायत कालीगण्डकी किनारको घाट बनाउन लागिएको हो ।

# जनचेतनामुलक लोकगीत प्रतियोगितामा भरतपोखरी स्वास्थ्य चौकी प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन



पोखरामा शुक्रबार भएको ' महिला स्वास्थ्य स्वयंम सेविका बिचको जनचेतनामुलक लोकगीत प्रतियोगिता' मा भरतपोखरी भरतपोखरी स्वास्थ्य चौकी प्रथम भएको छ।

अन्तर्राष्ट्रिय कण्डम दिवसका अवसरमा एड्स हेल्थकेयर फाउण्डेसन (एएचएफ) नेपालले आयोजना गरेको प्रतियोगितामा भरतपोखरी प्रथम भएको हो । प्रादेशिक जनस्वास्थ्य केन्द्र, गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको सहकार्यमा भएको प्रतियोगितामा प्रथम हुदैं भरतपोखरी स्वास्थ्य चौकीले नगद १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो । प्रतियोगितामा माझठाना कालिका मिलिजुली समूह दोस्रो, अन्नपूर्ण समूह तेस्रो र नौलो समूह राखी स्वास्थ्य चौकी सान्त्वना भयो। उनीहरुले क्रमश ११ हजार, ८ हजार र ६ हजार रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो । विजेता टिमलाई कार्यक्रमका प्रमुख अतिथि स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका अतिरिक्त सचिव खिमबहादुर खड्काले पुरस्कार प्रदान गरेका थिए । कार्यक्रममा उनले कण्डम अस्थायी साधन मात्र नभएर यौनरोग निरोधक साधन भएकाले यसको प्रचारप्रसारमा सबै एकजुट हुनुपर्नेमा उनको जोड थियो। गीतका माध्यमबाट सचेतना फैलाउन सहज हुने धारणा राखेका थिए । पोखरा महानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको संयोजन एड्स हेल्थकेयर फाउण्डेसन, नेपालका कार्यक्रम तथा बजार संयोजक राधेश्याम श्रेष्ठ, एएचएफ नेपालका गण्डकी संयोजक विद्या कोइरालाले गरेकी थिइन् । अन्तर्राष्ट्रिय कण्डम दिवसका अवसरमा एएचएफ, नेपाल कै आयोजनामा बिहीबार पोखराका पत्रकार हरुसँग अन्तरक्रिया पनि गरिएको थियो। दिवस अन्तर्गतका कार्यक्रममा प्रादेशिक जनस्वास्थ्य केन्द्र, गण्डकी प्रदशका क्षयरोग/एचआइभी फोकल पर्सन लक्ष्मण बसौलाले एएचएफ नेपालले प्रणय दिवसको अवसर पारेर सन् २०११ देखि युवाहरुलाई लक्षित गरि नेपालमा पनि विविध कार्यक्रम गरि अन्तरराष्ट्रिय कण्डम दिवस प्रत्येक वर्ष मनाउदै आएको बताएका थिए। संयोजक बसौलाले गण्डकी प्रदेशमा यो आर्थिक वर्षको पुस मसान्तसम्म ९ लाख ५३ हजार कण्डम बाडिएको जानकारी दिए। उनका अनुसार गत आर्थिक वर्षमा २२ लाख ६४ हजार र त्यस अघिको आर्थिक वर्षमा २३ लाख ९७ हजार कण्डम वितरण गरिएको थियो । एएचएफ नेपाल, गण्डकीकी कार्यक्रम संयोजक विद्या कोइरालाले शुक्रबार पोखरा सभागृहमा भएको प्रतियोगितामा १० टिमको सहभागिता रहेको जानकारी दिइन् ।

Free On-line English Course
REGISTER TODAY
on
www.worldenglishinstitute.org
Free English Classes at Lakeside Pokhara
with experienced American teachers,
Call on 9826139023
for more information

## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



स्याङ्जा जिल्ला अर्जुनचौपारी गाउँपालिका वडा नं.-२, निवासी ४/९ GR. भारतीय भू.पू. आर्मी नं. ५८४३७४३M का NK विर बहादुर रोकाहा भन्ने विर बहादुर ए.सी. को श्रीमती दिर्पा कुमारीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर दिर्पा कुमारी रोकाहा भन्ने दिर्पा कुमारी ए.सी. जन्ममिति वि.सं. २०१६/०६/०९ ई.सं. १९५९/०९/२५ भएको साथै निजको श्रीमान्‌को भारतीय पेन्सन अभिलेखमा नामथर दिर्पा कुमारी, जन्म मिति सन् १९६०/१०/०१ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको बेहोरा प्रमाणित गरि पाउँ भनि जिल्ला प्रशासन कार्यालय स्याङ्जामा निवेदन पेश गर्नुभएको तथा सम्बन्धित अर्जुनचौपारी गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. ५१० मिति २०८२/०९/३०को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७, बाह्रघर आमा समूह हुदै बलरामको घर जोड्ने बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः बाह्रघर आमा समूह हुदै बलरामको घर जोड्ने बाटो ढलान
ठेगानाः पोखरा–२७
योजना सम्झौता मिति : २०८२/०९/२४ गते
योजना सुरु मितिः २०८२/०९/२४ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१०/२५ गते
योजनाको कुल लागतः रु. ५,५५,५५५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,५५५।-
उपभोक्ता समिति अध्यक्षः कृष्णमणि लामिछाने
सम्पर्क नं.: ९८४६६२४७७१
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**बाह्रघर आमा समूह हुदै बलरामको घर जोड्ने बाटो ढलान उपभोक्ता समिति पोखरा-२७**

# पोखरामा पाँचौं खुल्ला राष्ट्रिय मोहन मेमोरियल अन्तरविद्यालय ब्याडमिन्टन प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन

मोहन भूगोल ब्याडमिन्टन फाउण्डेसन र फिट नेपाल स्पोर्ट्सप्लेक्सको आयोजनामा खेलकुदको शहर पोखरामा शुक्रबार देखि पाँचौं संस्करणको खुल्ला राष्ट्रिय मोहन मेमोरियल अन्तरविद्यालय स्तरीय ब्याडमिन्टन प्रतियोगिता-२०८२ सुरु भएको छ।

पोखरा १०, हस्पिटल चोकस्थित फिट नेपाल स्पोर्ट्सप्लेक्समा फागुन ३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन जापानी प्रशिक्षक टिस्यू-यामामोतोले गर्नु भयो । उहाँले नेपालको व्याडमिन्टन खेलको विकासको लागि फिटनेपालकै अवधारणामा तल्लोस्तरको विभिन्न प्रशिक्षण सहितको प्रतियोगिता सहित यस खेलमा लगानी गर्नुपर्नेमा जोड दिनुभयो ।

मुख्य चार वटा इभेण्टमा छात्र तथा छात्रा तर्फको प्रतिष्प्रर्धा शुक्रबारदेखि पोखरामा सुरु भएको फाउण्डेसनका अध्यक्ष भूगोल गुरुङले बताउनु भयो । प्रतियोगितामा यू-११, य्रू-१३, यू-१७, र यू-१९ छात्र तथा छात्रा उमेर समूहका करिब २ सय भन्दा बढी खेलाडीहरूको प्रतिष्प्रर्धा गर्ने भएको उहाँले जनाउनु भयो ।

ब्याडमिन्टन खेलमार्फत विद्यालय तहदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्मका उदयमान खेलाडीहरूको प्रतिभा पहिचान गर्ने, खेलकुद विकासलाई टेवा दिने तथा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने उद्देश्य सहित प्रतियोगिता निरन्तर रुपमा आयोजना गरिएको उहाँले बताउनुभयो ।

प्रतियोगिता अन्तर्गत यू–११ र यू–१३ तर्फका विजेता खेलाडीहरुलाई मेडल, प्रमाणपत्र तथा गिफ्ट ह्याम्पर प्रदान गरिनेछ। त्यसैगरी यू-१७ तथा यू-१९ समूहमा प्रथम हुने खेलाडीले जनही मेडल, ट्रफी, प्रमाणपत्र सहित नगद ४० हजार रुपैयाँ, द्वितीयले २० हजार र तृतीयले १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । साथै समग्र पदक तालिकाका आधारमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयलाई 'बेस्ट स्कूल ट्रफी' प्रदान गरिने आयोजकले जनाएको छ ।

फिट नेपाल र मोहन भूगोल ब्याडमिन्टन फाउण्डेसनको मुख्य नारा "रोड टु ओलम्पिक" रहेको छ। प्रतियोगिताले विद्यालयस्तरका खेलाडीलाई राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरतर्फ अघि बढ्न प्रेरणा मिल्ने संयोजक बरदान ताङवे लामाले विश्वास व्यक्त गर्नुभयो । प्रतियोगितामा अन्डर-१५ राष्ट्रिय च्याम्पियन निभा राई, अन्डर-१७ राष्ट्रिय च्याम्पियन दिलासा राना, रिहाना शेरचन, सदिप राई, सुदेश राज कोटि, सुप्रीम पन्त, प्रतिक बिष्ट लगायतका चर्चित खेलाडीहरूको सहभागिता रहेको छ । प्रतियोगिताको उद्घाटनको अवसरमा पारा ओलम्पियन प्रकाश अधिकारी र अन्तराष्ट्रिय खेलाडी विवेक सुवेदी बिच मैत्रिपूर्ण खेल भएको शोभा केसीले बताउनु भयो।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# यस्तो छ तनहुँ १ मा चुनावको माहोल

**मिला दरै**
तनहुँ, १ फागुन/रासस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिएसँगै तनहुँ क्षेत्र नं १ को पनि चर्चा चुलिएको छ । चर्चा हुनुको कारण हो, उम्मेदवारको व्यक्तित्व ।

तनहुँ- १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा स्वर्णिम वाग्ले र नेपाली कांग्रेसका गोविन्द भट्टराईले यसअघि एकअर्कासँग प्रतिष्पर्धा गरिरहेका छन् । विसं २०८० वैशाख १० मा भएको उपनिर्वाचनमा उहाँहरुबीच भएको चुनावी प्रतिस्पर्धा दोहोरिनुले पनि चर्चा बढेको हो । निर्वाचन क्षेत्र सर्वाधिक निगरानी र गणितीय अनिश्चितताको क्षेत्रका रुपमा पनि लिइएको छ । मतपरिणाम परम्परागत दल र नयाँ शक्तिबीच टक्कर हुने सम्भावना बढी देखिन्छ।

यसका साथै यसपटक नेपाल कम्युनिष्ट पार्टी (एमाले)का भगवती न्यौपानेको पनि प्रतिस्पर्धा रहेको छ। मुख्य यी तीन पार्टीका साथै स्वतन्त्र उम्मेदवार, राष्ट्रिय प्रजातन्त्र पार्टी तथा अन्य पार्टी पनि चुनावी मैदानमा छन् । राजनीतिक प्रतिस्पर्धा पुराना तथा नयाँ दलबीच प्रत्यक्ष रुपमा देखिएको छ । प्रत्येक दलले आआफ्नो सङ्गठन, एजेन्डा र उम्मेदवारको छविलाई प्राथमिकता दिइरहेका छन् ।

यहाँ पार्टीभन्दा पनि उम्मेदवारको इमानदारिता, विगतको काम र जनसम्पर्कले ठूलो भूमिका खेल्ने गरेको इतिहास उत्तिकै महत्वपूर्ण मानिएको छ । युवा मतदाता, परिवर्तन चाहने वर्ग र परम्परागत मतदाताबीचको सोचको द्वन्द्वले नतिजा अप्रत्याशित बनाउने गरेको उपनिर्वाचनको नतिजाले सावित गरेको छ । रास्वपाले उपनिर्वाचनमा प्राप्त विरासत निरन्तरता रुपमा कायम राख्ने लक्ष्य राखेको देखिन्छ । त्यस्तै, नेपाली कांग्रेसले पुरानो विजय र जनसमर्थन फर्काउने कोसिस गरिरहेको प्रष्ट छ। एमाले/नेकपाले पनि आआफ्नो परम्परागत मतलाई जोडिँदै पुनःप्रतिस्पर्धाको मैदानमा साख जोगाउनेतर्फ सचेत भएको देखिन्छ । यस क्षेत्रमा मतदाताले स्थानीय रुपमा विकास, पार्टीको विश्वास तथा तरल राजनीतिसम्बन्धी भावनालाई जोड दिँदै मत प्राप्त गर्ने सम्भावना देखिएको छ । रास्वपा र कांग्रेस प्रतिपक्षीलाई चुनौती दिनसक्ने शक्तिशाली दाबेदार बनेका छन् भने एमाले अझै पनि ठूलो मत विभाजनको अवस्थामा छ।

प्रतिनिधिसभा २०७९ मा नेपाली कांग्रेस प्रत्यक्षतर्फ रामचन्द्र पौडेलले २५ हजार ३६१ मत प्राप्त गर्नुभएको थियो भने एमालेका एकबहादुर रानाले १९ हजार ९८१, स्वतन्त्र उम्मेदवार गोविन्दराज जोशीले छ हजार ८८६ र रास्वपाका विकास सिग्देलले छ हजार ४४ मत प्राप्त गर्नुभएको थियो । समानुपातिकतर्फ नेपाली कांग्रेस २० हजार १५८, नेकपा एमाले १६ हजार ६८३, रास्वपाले १२ हजार ७७३ र नेकपाले सात हजार ३२६ मत प्राप्त गरेको थियो। पौडेल विजयी हुँदै राष्ट्रपति भएपछि यस क्षेत्रको प्रतिनिधिसभाको संसदीय सदस्य पद खाली बनेको यस क्षेत्रमा उपनिर्वाचन भएको हो। विसं २०८० वैशाख १० मा भएको प्रतिनिधिसभा-१ उपनिर्वाचनमा ५३ प्रतिशत मात्रै मत खसेको थियो । रास्वपाका उपसभापति वाग्लेले ३४ हजार ९११ मत प्राप्त गर्दै विजयी हुनुभएको थियो । कांग्रेसका भट्टराईले २० हजार १२२ मत र एमालेका सर्वेन्द्र खनालले आठ हजार ४८८ र अन्य दलले थोरै मत पाउनुभएको थियो । वाग्लेले १४ हजार ७९६ मतले जित हासिल गर्नुभएको थियो । उपनिर्वाचनमा रास्वपाले एमालेको मत करिब ११ हजार तानेको थियो भने रास्वपाले नेकपा, स्वतन्त्र उम्मेदवारको मत आफ्नो पक्षमा पार्न सफल भएको थियो । यसपटक निर्वाचनमा यस खालको अवस्था छैन । अझ बढी प्रतिस्पर्धात्मक देखिएको मतदाताको भनाइ छ । यहाँ नेकपा, उज्यालो पार्टी, श्रम संस्कृतिलगायतका उम्मेदवार पनि रहेकाले उनीहरुको आफ्नै प्रभाव हुने देखिन्छ । त्यस्तै नेकपाबाट विद्यानाथ ढकाल उम्मेदवार बन्नुभएको छ।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले रामदत्त जोशी (अभिषेक) लाई उम्मेदवार बनाएको छ। श्रम संस्कृति पार्टीका काशिराम गुरुङ, स्वतन्त्र उम्मेदवार दीपकराज जोशी, उज्यालो पार्टीका मञ्जिल रानालगायत दलका उम्मेदवार यस क्षेत्रमा चुनावी मैदानमा हुनुहुन्छ। आफ्नो पक्षमा मत पार्ने कसरतमा हुनुहुन्छ । दमौलीदेखि बैरेनी, कलेस्ती, रिस्ती, डुम्रे, भानु, आँबुखैरेनीसम्मका मतदाताको प्रतिक्रियाले तनहुँ-१ को चुनाव निकै पेचिलो देखाउँछ।

अघिल्लो पटक स्पष्ट रुपमा खुलेका मतदाता पनि अहिले पर्ख र हेरको अवस्थामा छन् । भानु, आँबुखैरेनीका सहरी वडा, ब्यास नगरका सहरी वडा, डुम्रे बजार, देवघाटका सहरी क्षेत्रमा रास्वपाप्रति अलि झुकाव देखिएका छन् भने देवघाट आसपास र ग्रामिण बस्तीहरुमा रास्वपाभन्दा नेपाली काङ्ग्रेस बलियो मानिएको छ । तनहुँ जिल्लामा कुल मतदाता दुई लाख ५४ हजार ३७९ मध्ये महिला मतदाता एक लाख ३० हजार ९०६ र पुरुष एक लाख २३ हजार ४९१ रहेका निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो । तनहुँ-१ क्षेत्रमा मात्रै एक लाख ३६ हजार ११८ मतदाता रहेका छन् भने तनहुँ-२ मा एक लाख १८ हजार २७९ मतदाता रहेका छन् ।

तनहुँ-१ निर्वाचन क्षेत्रमा देवघाट गाउँपालिकाका ५ वटै वडा, आँबुखैरेनी गाउँपालिकाका ६ वटै वडा, बन्दीपुर गाउँपालिकाका ६ वटै वडा, भानु नगरपालिकाका १३ वटै वडा र व्यास नगरपालिकाका वडा नम्बर ५ र ६ बाहेक अन्य १२ वटा वडा समेटिएका छन् । यस क्षेत्रमा यस निर्वाचनमा १५३ मतदान केन्द्र तोकिएको छ।

तनहुँ क्षेत्र नं.२ मा कांग्रेसबाट शङ्कर भण्डारी चुनावी मैदानमा हुनुहुन्छ भने एमालेतर्फ केदार सिग्देल, नेपाली कम्युनिष्ट पार्टीका ओमबहादुर थापा, रास्वपाका श्रीराम न्यौपानेलगायत ११ दलले निर्वाचनको मैदानमा हुनुहुन्छ । गत निर्वाचन अर्थात् प्रतिनिधिसभा निर्वाचन २०७९ मा यस क्षेत्रमा भण्डारीले ३० हजार ६०४, एमालेका किरण गुरुङले २५ हजार १३०, रास्वपाका विजय जोशीले पाँच हजार ३७३ र अन्य उम्मेदवारले करिब एक हजार ७०८ मत प्राप्त गर्नुभएको थियो।

यही फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा तनहुँ क्षेत्र नं.२ मा एक लाख १८ हजार २७९ मतदाता कायम भएका छन् । यस क्षेत्रमा ३०९ मतदान केन्द्र रहेको छ । तनहुँ क्षेत्र नं.२ मा व्यास नगरपालिकाका ५ र ६ नं वडा, म्याग्दे गाउँपालिकाका ७ वटा वडा, शुक्लागण्डकी नगरपालिका १२ वटा वडा, भिमाद नगरपालिकाका ९ वटा वडा, ऋषिङ गाउँपालिकाका ८ वटा वडा र घिरिङ गाउँपालिकाका ६ वटा वडा पर्दछ।

# राजनीति परिवर्तनको नारामा सीमित होइन, व्यवहारमा देखिनुपर्छ - गनेस पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्की निर्वाचन क्षेत्र नम्बर-१ का उम्मेदवार गनेस पौडेलले घरदैलो केन्द्रित संवाद यात्रा अभियानलाई निरन्तरता दिएका छन् ।

यसअन्तर्गत विहिबार पोखराका विभिन्न टोलमा कार्यक्रम सम्पन्न भएका छन् भने शुक्रबार आज वडा नम्बर-१३ मा स्थानीयसँग संवाद गर्ने कार्यक्रम तय गरिएको छ । विहिबार पोखरा-१०, रामबजारस्थित ॐ शान्ति सत्सङ्गमा सहभागिता जनाउँदै दिनको कार्यक्रम सुरु गरिएको थियो। त्यसपछि पोखरा-१४, मनकामना टोलमा संवाद यात्रा गरिएको थियो । यस्तै, दिउँसो पोखरा-१४, शुभकामना टोल, मसिना टोल र खाल्टे टोलमा संवाद कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमहरूमा स्थानीयवासी, आमा समूह, युवा तथा ज्येष्ठ नागरिकको उल्लेख्य उपस्थिति रहेको थियो । संवादका क्रममा उम्मेदवार गनेस पौडेलले "राजनीति परिवर्तनको नारामा सीमित होइन, व्यवहारमा देखिनुपर्छ" भन्दै पारदर्शिता, सुशासन र स्थानीय समस्या समाधानमा आफू प्रतिबद्ध रहेको बताए । "हामी जनताको घरदैलोमा पुगेर सुझाव संकलन गर्दैछौँ, यही सुझावलाई नीति निर्माणमा रूपान्तरण गर्ने हाम्रो लक्ष्य हो," उनले भने । शुक्रबार वडा नम्बर-१३ मा स्थानीयसँग संवाद यात्रा कार्यक्रम तय गरिएको छ। बिहान ८:०० बजे विजयपुर आर्वा, बिहान ११:३० बजेदेखि भद्रकाली, बाँझापाटन क्षेत्र र दिउँसो २:०० बजे मियाँपाटनमा संवाद कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। रास्वपा कास्की-१ का चुनावी कमाण्डर श्रीकृष्ण न्यौपानेका अनुसार, "संवाद यात्राप्रति स्थानीयको उत्साहजनक साथ र समर्थन पाइरहेका छौं । हरेक टोलमा उठेका सुझावलाई व्यवस्थित रूपमा संकलन गरिँदैछ र त्यसैका आधारमा आगामी कार्ययोजना तय गरिनेछ ।" रास्वपाले कास्की-१ मा परम्परागत चुनावी सभाभन्दा फरक शैली अपनाउँदै प्रत्यक्ष भेटघाट र घरदैलो संवादमार्फत जनविश्वास निर्माण गर्ने अभियानलाई प्राथमिकता दिएको जनाएको छ।

# भद्रकाली बहुमुखी क्याम्पसमा नवप्रवेशीलाई आत्मीय स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन



पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसमा यस वर्ष स्नातक तह अन्तर्गत व्यवस्थापन संकायको बिबिएस प्रथम वर्ष र मानविकी तथा सामाजिक शास्त्र संकायको प्रथम वर्षमा अध्ययन प्रारम्भ गरेका नवप्रवेशी विद्यार्थीहरूलाई हालै विशेष स्वागत गरिएको छ।

विद्यार्थी कल्याणकारी क्लव र भद्रकाली बहुमुखी क्याम्पसको आयोजनामा प्रथम वर्षका विद्यार्थीहरूलाई औपचारिक तथा आत्मीय वातावरणमा स्वागत गरिएको थियो । विद्यार्थी कल्याणकारी क्लबकी अध्यक्ष सुस्मिता बरालको अध्यक्षता तथा क्याम्पस सञ्चालन समितिका अध्यक्ष जयप्रसाद सापकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम उत्साह र उमंगले भरिएको थियो । कार्यक्रममा नवप्रवेशी विद्यार्थीहरूको प्रतिभा उजागर गर्ने सांस्कृतिक प्रस्तुति र सिर्जनात्मक कार्यक्रमहरूले वातावरणलाई झनै रङ्गीन बनाएको थियो । सिनियर विद्यार्थीहरूको तर्फबाट बिबिएस दोस्रो वर्षकी छात्रा सलिना ज्ञवालीले नवप्रवेशीहरूलाई स्वागत गर्दै क्याम्पस जीवन अवसर, चुनौती र सम्भावनाको सुन्दर संगम देखिएको थियो । स्वागतका क्रममा विद्यार्थी कल्याणकारी क्लबकी अध्यक्ष सुस्मिता बराल, क्याम्पस प्रमुख नवराज रेग्मी तथा क्याम्पस संचालक समितिका अध्यक्ष जयप्रसाद सापकोटाले नवप्रवेशीहरूलाई अबिर, खादा र उपहार प्रदान गर्दै सफल शैक्षिक यात्राको शुभकामना व्यक्त गरे । स्वागत मन्तव्यपछि बिबिएस प्रथम वर्षका सुनिल श्रीपाली र बिए प्रथम वर्षकी प्रेमकुमारी नेपालीले धन्यवाद ज्ञापन गर्दै उच्च शिक्षाको यात्रामा भद्रकाली बहुमुखी क्याम्पस परिवारसँग जोडिन पाएकोमा हृदयदेखी गर्व र खुशी व्यक्त गरे।

पब्लिक क्याम्पस प्राध्यापक संघ, क्याम्पस इकाइका सभापति नरेन्द्रबाबु घिमिरेले शिक्षक र विद्यार्थीबीचको सहकार्य नै शैक्षिक उत्कृष्टताको आधार भएको उल्लेख गर्दै क्याम्पसका स्रोत-साधनको पूर्ण उपयोग गरी लक्ष्य प्राप्त गर्न प्रेरित गरे। सहायक क्याम्पस प्रमुख नारायणप्रसाद सापकोटाले क्याम्पसले 'हार्ड स्किल' र 'सफ्ट स्किल' दुवैको सन्तुलित विकासमा जोड दिइरहेको बताए। उनले आजको समयमा पैसाले किन्न सकिने वस्तुको भन्दा व्यवहार, नैतिकता र मानवीय गुणको मूल्य बढ्दै गएको उल्लेख गर्दै विद्यार्थीहरूलाई मानवीय मूल्य र पेशागत दक्षतामा सजग हुन अनुरोध गरे।

क्याम्पस प्रमुख नवराज रेग्मीले विद्यार्थी मन र शिक्षक मनको मिलन नै क्याम्पस सफलताको मूल आधार भएको बताउँदै विद्यार्थीहरूले आफ्नो कर्तव्य निष्ठापूर्वक पूरा गरे क्याम्पसले उनीहरूको सपना साकार पार्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए । क्यामपस संचालन समितिका अध्यक्ष जयप्रसाद सापकोटाले सीमित स्रोत र साधनका बाबजुद क्याम्पसले हासिल गरेको शैक्षिक उपलब्धिको प्रशंसा गर्दै गुणस्तर सुनिश्चितता तथा प्रत्यायन यात्रालाई सफल बनाउन सञ्चालन समिति प्रतिबद्ध रहेको स्पष्ट पारे कार्यक्रमकी सभापति सुस्मिता बरालले विद्यार्थी कल्याणकारी क्लब क्याम्पसको शैक्षिक तथा रचनात्मक वातावरण सुदृढ बनाउन सधैं सक्रिय रहने बताउँदै नवप्रवेशीहरूलाई क्याम्पसको गरिमा उच्च राख्न अनुरोध गरिन।

कार्यक्रममा बिबिएस दोस्रो वर्षकी सन्ध्या गुरुङ, अजय गुरुङ, सुस्मिता बराल तथा चौथो वर्षकी सिमा रानाको समूह नृत्यले उपस्थित सवैलाई मन्त्रमुग्ध पार। बिए तेस्रो वर्षका सुदीप बी.के. र चौथो वर्षकी करुणा लामाको सुमधुर एकल गायन तथा प्रथम वर्षकी सदिक्षा मगरको नृत्य प्रस्तुति पनि आकर्षणको केन्द्र बन्यो। अतिरिक्त क्रियाकलाप तथा परीक्षा प्रमुख बुद्धिसागर सापकोटाको संयोजन र बिबिएस दोस्रो वर्षकी छात्राद्वय अपर्णा गुरुङ र सिमरन बरालको सञ्चालनमा सम्पन्न कार्यक्रम शिक्षक, कर्मचारी र विद्यार्थीहरूको सक्रिय सहभागिताले कार्यक्रम भव्य बनेको थियो। नयाँ शैक्षिक यात्राको सुरुआतसँगै भद्रकाली बहुमुखी क्याम्पसले नवप्रवेशी विद्यार्थीहरूलाई केवल स्वागत मात्र गरेन, उनीहरूको सपना र सम्भावनालाई उज्यालो भविष्यतर्फ अघि बढाउने दृढ प्रतिबद्धता पनि व्यक्त गऱ्यो।

# फोटो पत्रकार अक्षयकोषमा निर्माता एवं अभिनेत्री माया गुरुङको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन



नेपाल फोटो पत्रकार संघ (एनपिजेए) कास्कीले सञ्चालन गरेको 'फोटो पत्रकार अक्षयकोष' मा निर्माता एवं अभिनेत्री माया गुरुङले आर्थिक सहयोग गरेकी छिन् ।

गुरुङ चलचित्र हुदैं नेपाली चलचित्रमा पाइला चालेकी गुरुङले नगद ११ हजार १११ रुपैयाँ सहयोग गरेकी हुन्। सहारा क्लब पोखराले सञ्चालन गरेको आरारारा पोखरा गोल्डकपमा सहभागी हुन गएको समयमा शुक्रबार अभिनेत्री गुरुङ र उनका छोरा हिमाल गुरुङले नेपाल फोटो पत्रकार संघ, कास्कीका अध्यक्ष राम गुरुङलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।

सहारा क्लब हङकङकी सल्लाहकारसमेत रहेकी उनी गुरुङ फिल्म एसोसियशन हङकङकी अध्यक्ष हुन्। उनको निर्माणमा बनेको चलचित्र पेन्सनपट्टा छिट्टै प्रदर्शनको तयारीमा छ । हङकङ बस्दै आएकी अभिनेत्री गुरुङ र उनका छोरा हिमाल गुरुङ आहारारा पोखरा गोल्डकपका लागि नेपाल आएका हुन् । उनको छोरा हिमाल गोर्खा इन्टरनेशनल फुटबल क्लब हङकङबाट खेल्छन् । सहयोग ग्रहण पछि एनपिजेए कास्की अध्यक्ष राम गुरुङले अभियान्ता गुरुङलाई धन्यवाद ज्ञापन गरे । उनले विभिन्न दाताहरूबाट प्राप्त सहयोगले अक्षयकोषको लक्ष्य पूरा गर्न मद्दत पुग्ने बताउँदै कोषको रकम फोटो पत्रकार हरुको वृत्तिविकासमा खर्च गरिने जानकारी दिए।

कोषमा विभिन्न क्षेत्रका समाजसेवी, बुद्धिजीवी र संघसंस्थाहरुबाट सहयोग जुट्ने क्रम जारी छ। यस कोषमा यसभन्दा अघि सामाजिक अभियान्ता सरिता गुरुङले १५ हजार, नागरिक अभियान्ता रामबहादुर पौडेलले १० हजार, सल्लाहकार रमेश पौडेलले ५ हजार, अध्यक्ष राम गुरुङले १० हजार, सदस्य सञ्जय शाक्यले १० हजार रुपैयाँ सहयोग गरिसकेका छन् ।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/११/०२)**

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, मुस्ताङ जिल्ला लोमन्थाङ गाउँपालिकामा लोमन्थाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा लोमन्थाङ एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण तथा संचालन गर्ने प्रस्ताव कार्यान्वयन गर्न लागेको हुनाले सो प्रस्तावसँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा वातावरण संरक्षण नियमावली २०७७ नियम ६ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम फोहोर व्यवस्थापन केन्द्र प्रस्ताव गरिएको स्थलमा मिति २०८२/११/५ गते मंगलबारका दिन बिहान ११:०० बजे सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई हुन गहिरहेको हुँदा तपाईंहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**आयोजक**
**लोमन्थाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लोमन्थाङ, मुस्ताङ**
**ईमेलः** lomanthanggaupalika@gmail.com, **सम्पर्क नं.ः** +९७७-९८५७६३०३३०


# फेवातालमा एसएलआर राइफल र १८ राउन्ड गोली फेला

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

पोखराको फेवातालमा अत्याधुनिक एसएलआर राइफल र सो हतियारमा प्रयोग हुने १८ राउन्ड गोली फेलापरेको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार यही माघ २९ गते साँझ खपौंदी नजिक स्थानीय ४२ वर्षीय कुमार जलारीले जाल हानी माछा मार्ने क्रममा मु.वा. १११ (बट) नम्बर बडी नम्बर १३८१० लेखिएको एसएलआर राइफल फेलापरेको थियो।

हतियारसँगै सो राइफलमा लोड गरिएको १८ राउन्ड गोलीसहित एक थान म्यागजिन बरामद भएको प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । प्रहरीले तालमा फेलापरेको हतियार कसको हो भन्नेबारेमा अनुसन्धान भइरहेको जनाएको छ। "जाल हान्दा हतियार भेटिएको सूचनापछि प्रहरी पुगेर हतियार बरामद गरेको हो । त्यो हतियार प्रहरीको हो, सशस्त्रको हो वा नेपाली सेनाको भन्नेबारेमा अनुसन्धान भइरहेको छ", प्रनाउ बस्नेतले भन्नुभयो ।

प्रहरीको केन्द्रीय हतियार भण्डारण शाखामा हतियारको अभिलेख रहने भएकाले कसको हो भन्ने छिट्टै पुष्टि हुने प्रहरीले जनाएको छ। सो हतियार गत भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा प्रहरी कार्यालयबाट लुटिएको हुनसक्ने पनि आकलन गरिएको छ।